# छात्रवृत्तिमा छात्रा र दलित विद्यार्थीको पहुँच


सार्वजनिक खर्च पछ्याउने सर्वेक्षणको विधिद्वारा गरिएको मामिला अध्ययन (Case Study) २०७०



FREEDOM FORUM

# छात्रवृत्तिमा छात्रा र दलित विद्यार्थीको पहुँच

सार्वजनिक खर्च पछ्याउने सर्वेक्षणको विधिद्वारा गरिएको मामिला अध्ययन (Case Study) २०७०





**फ्रिडम फोरम**

थापाथली, काठमाडौं, नेपाल

यो मामिला अध्ययन प्रतिवेदन विश्व बैंकको नेपालमा जवाफदेहिता कार्यक्रम (PRAN) अन्तर्गत अन्तर्राष्ट्रिय सहयोग तथा अध्ययन केन्द्र (CECI) द्वारा सञ्चालित कार्य सिकाइका लागि अनुदान सुविधाबाट प्राप्त सहयोगमा कार्यान्वयन भएको परियोजनाको उपज हो । यस दस्तावेजमा प्रस्तुत सूचना तथा व्यक्त गरिएका नतिजा, व्याख्या र निष्कर्षहरूले विश्व बैंक, PRAN अथवा CECI का धारणालाई प्रतिविम्बित गर्दैनन् ।

© सर्वाधिकार फ्रिडम फोरम

प्रकाशनः **फागुन, २०७०**

अध्यता / प्रतिवेदक
**किशोर महर्जन**
**अनिरुद्र न्यौपाने**

अध्ययन सहयोगी
**दानबहादुर कार्की**
**दिपनारायण अर्याल**

# विषय सूची


| | | |
|---|---|---|
| क. | प्राक्कथन | क |
| १. | परिचय | १ |
| २. | अध्ययन कार्य र विधि | ५ |
| ३. | कार्ययोजना र जनशक्ति | ६ |
| ४. | बजेट निर्माण र कार्यान्वयन | ७ |
| ५. | छात्रवृत्ति वा शिक्षा बजेट अख्तियारी र निकासा प्रक्रिया : | ७ |
| ६. | अध्ययनबाट प्राप्त जानकारीको प्रस्तुति र विश्लेषण | ८ |
| ७. | संस्थागत टिप्पणी | १७ |
| ८. | प्रमुख चुनौती र सुझाव | १८ |
| ९. | निष्कर्ष | १८ |
| १०. | सन्दर्भ सामग्री | २० |
| ११. | अध्ययनका दौरान सम्पर्क गरिएको व्यक्तिहरूको नामावली | २१ |

# प्राक्कथन

नेपालको सरकारी बजेटलाई पारदर्शी र पहुँचयोग्य बनाउने उद्देश्यले फ्रिडम फोरमले नेपालको शिक्षा क्षेत्रको बजेटमा केन्द्रित रहेर अध्ययन र विश्लेषणको कार्य गरेको छ । यस क्रममा शिक्षा बजेटमा उल्लेखनीय हिस्सा रहेको छात्रवृत्ति कार्यक्रमको कुशल कार्यान्वयन भए नभएको बारेमा अध्ययन गर्नु र सम्बन्धित सो सुविधामा लक्षित समूहको पहुँचको अवस्था थाहा पाउनु आवश्यक भएकाले कपिलवस्तु जिल्ला र जिल्लामा रहेका पाँचवटा सार्वजनिक विद्यालयको नमुना लिएर हामीले छात्रा र दलित छात्रवृत्तिको सार्वजनिक खर्च पछ्याउने सर्वेक्षणको विधि प्रयोग गरी मामिला अध्ययन (Case Study) गरेका छौं । छात्रा र दलितको छात्रवृत्तिमा आधारित रहेर यो अध्ययन गरिएको हो ।

यो अध्ययनमा विशेषज्ञता प्रदान गर्ने अध्ययन टोलीका टोली नेता किशोर महर्जन, अध्ययनको संयोजन गर्ने सामाजिक जवाफदेहिता अभ्यासकर्ता मित्र अनिरुद्र न्यौपाने तथा अध्ययनमा संलग्न मित्रहरू दानबहादुर कार्की र दिपनारायण अर्याललाई धन्यवाद छ । कार्य सिकाइका लागि अनुदान सुविधाअन्तर्गत यो सर्वेक्षण गर्नेलगायत विभिन्न क्रियाकलापमा फ्रिडम फोरमलाई सघाउने विश्व बैंकको नेपालमा सामाजिक जवाफदेहिता कार्यक्रम (PRAN) एवं अनुदान सञ्चालन संस्था अन्तर्राष्ट्रिय सहयोग तथा अध्ययन केन्द्र (CECI) प्रति आभार व्यक्त गर्दछौं ।

यो सर्वेक्षणमा संलग्न टोलीलाई अमूल्य सूचना र सहयोग प्रदान गर्नु हुने शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालय कपिलवस्तुका पदाधिकारी तथा कर्मचारी, सर्वेक्षण गरिएका विद्यालयका प्राचार्य, सह-प्राचार्य, शिक्षक, लेखाका कर्मचारी, विद्यार्थी, व्यवस्थापन समिति र अभिभावकहरूलाई विशेष धन्यवाद । साथै यो प्रतिवेदन तयारीका क्रममा महत्वपूर्ण मार्गदर्शन प्रदान गर्नुहुने प्राध्यापक डा. श्रीकृष्ण श्रेष्ठलगायतका विशेषज्ञहरूप्रति पनि आभार प्रकट गर्दछौं ।

यो प्रतिवेदन सर्वेक्षेणका सिलसिलामा प्राप्त सूचनामा आधारित छ । यो सर्वेक्षणमा एउटा जिल्ला र केवल पाँचवटा विद्यालयलाई मात्र लिइएकाले यसबाट प्राप्त नतिजाले मुलुकको समग्र अवस्था चित्रण नगर्न पनि सक्छ । तर, यो अध्ययनबाट प्राप्त सूचनाले सुधारका लागि महत्वपूर्ण सुझाव सम्बन्धित निकायलाई दिनेछ भन्नेमा भने हामी विश्वस्त छौं । यो पूर्ण लेखापरीक्षण होइन । यसमा आएका सूचनालाई आधार मानेर कुनै पनि विद्यालय वा एउटा जिल्लाप्रति सकारात्मक वा नकारात्मक धारणा निर्माण गर्नमा नभई छात्रवृत्ति कार्यक्रमका सबल र दुर्वल पक्ष पहिचान गर्न र समस्याको निराकरण गर्नमा यो सर्वेक्षणले सघाउनेमा हामी विश्वस्त छौं ।

**तारानाथ दाहाल**
अध्यक्ष
फ्रिडम फोरम

# १. परिचय

शिक्षा विकासको जग हो । विश्वभरिका देशहरूले आफ्नो नागरिकको ज्ञान र सीप विकासको निम्ति शिक्षालाई विशेष महत्व दिइरहेका छन् । विकासशील होस् वा विकसित देश सबैले शिक्षामा प्रशस्त मात्रामा लगानी गरिरहेका छन् । नेपालले पनि वार्षिक कुल सरकारी बजेटको १६ प्रतिशतदेखि १७ प्रतिशतसम्म यस क्षेत्रमा विनियोजन गरिरहेको छ । आ.व. २०७०/७१ मा कुल बजेट रु. ५१७ अर्बमध्ये लगभग रु. ८१ अर्ब शिक्षामा विनियोजन गरिएको छ । शिक्षामा विनियोजित बजेट र कुल ग्रहस्थ उत्पादनको अनुपात ४.३४ प्रतिशतसम्म पुगेको तथ्यांक अर्थमन्त्रालयको छ । (आर्थिक सर्वेक्षण २०६९/७०, अर्थ मन्त्रालय)

शिक्षाले गरिबी निवारणमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वासअनुरूप शिक्षाको बजेट विनियोजन गरिबमुखी रहेको अर्थ मन्त्रालयको तथ्याङ्क छ । आर्थिक वर्ष २०७०/७१ मा शिक्षाका लागि विनियोजित बजेटको झण्डै ९२ प्रतिशत रकम गरिबमुखी रहेको अर्थ मन्त्रालयको आँकडामा देखिन्छ (आय व्ययको शीर्षकगत वार्षिक अनुमान, आर्थिक वर्ष २०७०/७१, अर्थ मन्त्रालय) । यसैगरी घरमा महिला शिक्षित हुँदा परिवार नै शिक्षित हुने मान्यतालाई अंगिकार गरी शिक्षामा महिला उन्मुखतालाई पनि जोड दिएको देखिन्छ । आ.व. २०७०/७१ मा बजेटमा करिब ६७.८ प्रतिशत रकम महिलालाई प्रत्यक्ष लाभ पुग्ने गरी विनियोजन गरिएको अर्थ मन्त्रालयले जनाएको छ ।

नेपालको शिक्षालाई मूलतः विद्यालय शिक्षा र उच्च शिक्षामा विभाजन गर्न सकिन्छ । विद्यालय शिक्षातर्फ सन् २००९ देखि विद्यालय क्षेत्र सुधार कार्यक्रम लागू गरिएको छ, जसअन्तर्गत आधारभूत शिक्षा (कक्षा १-८) र माध्यमिक शिक्षा (कक्षा ९-१२) र उच्च माध्यमिक शिक्षा (कक्षा ११-१२) मा वर्गीकरण गरिएको छ । विद्यमान ऐनबमोजिम भने कक्षा १-५ लाई प्राथमिक, कक्षा ६-८ लाई निम्नमाध्यमिक र कक्षा ९-१० लाई माध्यमिक शिक्षाको रूपमा लिइएको छ । यसैगरी बालविकास (ECD) र पूर्वप्राथमिक कक्षाहरू पनि सञ्चालनमा छन् । अधिकांश विद्यालय प्राथमिक स्तरका छन् । निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयमा पनि प्राथमिक शिक्षा दिइएको छ । तर, केही मात्रामा निम्नमाध्यमिक, माध्यमिक र उच्चमाध्यमिक मात्र पनि सञ्चालनमा छन् ।

यसरी सञ्चालित विद्यालयलाई मोटामोटी रूपमा ४ किसिममा वर्गीकरण गर्न सकिन्छ ।

(क) पूर्ण सामुदायिक विद्यालय
(ख) समुदायबाट व्यवस्थित विद्यालय
(ग) सामुदायिक (सरकारी सहयोग आंशिक रूपमा प्राप्त गर्ने वा सहयोग पाउनुपर्ने तर पाइनसकेका विद्यालय (मदरसा, गुम्बा, गुरुकुल, आश्रम, विहार आदिमा सञ्चालित विद्यालय एवं शैक्षिक संस्थालाई पनि यसअन्तर्गत राख्न सकिन्छ)
(घ) संस्थागत (निजी सार्वजनिक गुठी एवं कम्पनीअन्तर्गत सञ्चालित) विद्यालय ।

माथि उल्लिखत विभिन्न किसिमका विद्यालयहरूमध्ये सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यालर्थीहरूलाई सरकारले विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ ।

### १.२. छात्रा र दलित छात्रवृत्ति

गरिबी निवारण र महिला विकासमा योगदान पुर्‍याउन सबै नागरिक शिक्षित हुन आवश्यक छ । सबैका लागि शिक्षा

पुऱ्याउने उद्देश्य प्राप्तिका लागि नेपाल सरकारले छात्रा तथा दलित र अन्य छात्रवृत्ति कार्यक्रम सञ्चालनमा ल्याएको छ। छात्रवृत्ति संसारभरि नै विद्यार्थी भर्ना बढाउने, विद्यार्थीलाई विद्यालयमा टिकाउने र विद्यालय छोड्ने क्रममा कमी ल्याउने एक उत्तम उपायका रूपमा देखापरेको छ । सरकारले छात्रा, दलित, जेहेन्दार, विपन्न, असहाय तथा गरिव, अपाङ्ग, लक्षित जनजाति, द्वन्द्वपीडित र सहिद परिवारका विद्यार्थीलाई समावेशी आधारमा छात्रवृत्ति प्रदान गर्छ। यीमध्ये छात्रा र दलित छात्रवृत्ति प्रमुख रूपमा छन्। यी कार्यक्रम देशमा निकै लोकप्रिय पनि रहेको विश्वास गरिन्छ। यी कार्यक्रमले अन्तर्राष्ट्रिय समुदायसमक्ष गरेको प्रतिबद्धतालाई समेत आत्मसात गरेको देखिन्छ। हाल सरकारले आधारभूत शिक्षा (१-८) तर्फ सामुदायिक विद्यालयका सतप्रतिशत छात्रालाई छात्रवृत्ति प्रदान गर्ने नीति अबलम्बन गरेको छ। साथै, सो तहसम्म सम्पूर्ण दलित विद्यार्थीलाई पनि छात्रवृत्ति प्रदान गरिन्छ। विद्यार्थीका अवस्था हेरि वार्षिक रु. ४००।- मा नबढ्ने गरी छात्रा र दलितलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था हाल कायम छ।

### १.३. अध्ययनको महत्व र सान्दर्भिकता

छात्रवृत्तिका लागि नेपाल सरकारले वार्षिक शिक्षा बजेटको उल्लेख्य हिस्सा खर्च गरिरहेको छ। यसरी खर्चिएको रकम लक्षित वर्गमा पुगेको छ कि छैन ? कति पुगेको छ भनी जाँच गर्ने कार्य गर्नु आवश्यक छ। छात्रवृत्ति बजेट, निकासा प्रक्रिया, यसमा विभिन्न निकायको भूमिका, प्रक्रियामा हुने चुहावट, सेवाग्राहीको दृष्टिकोण र यसको सिंहावलोकन गर्नु पनि आवश्यक छ। यसैलाई दृष्टिगत गरी सामाजिक जवाफदेहिता अभ्यासको अंगका रूपमा फ्रिडम फोरमले छात्रा र दलित छात्रवृत्तिमा भएको सार्वजनिक खर्चका सम्बन्धमा सार्वजनिक खर्च पछ्याउने सर्वेक्षणको विधि प्रयोग गरी मामिला अध्ययन गरेको छ। आर्थिक वर्ष २०६३/६४ देखि सामुदायिक विद्यालयमा अध्ययन गर्ने आधारभूत तहका सबै छात्रा र दलित विद्यार्थीलाई नेपाल सरकारले छात्रवृत्ति रकम उपलब्ध गराउँदै आएको पृष्ठभूमिमा यस्तो छात्रवृत्तिबापत हुने सार्वजनिक खर्चको लेखाजोखा गर्नु आवश्यक ठानी यो अध्ययन गरिएको हो।

तलका तालिका दलित र छात्रा छात्रवृत्तिको सन्दर्भका अध्ययन गर्नुको औचित्य प्रस्ट हुन्छ।

शिक्षा मन्त्रालयबाट प्रकाशित शैक्षिक तथ्याङ्क (फ्ल्यास रिपोर्ट, २०६९) का अनुसार विद्यालय शिक्षाअन्तर्गत विभिन्न तहमा अध्ययन गर्ने विद्यार्थीको संख्या निम्नबमोजिम छ।

**तालिका नं १ः तहगत रूपमा जम्मा विद्यार्थी भर्ना संख्या (संस्थागत र सामुदायिक विद्यालयको कुल योग)**

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---:|---:|---:|
| आधारभूत (१-८) | ३२३७६७५ | ३१६२२१० | ६३,९९,८८५ |
| माध्यमिक (९-१०) | ४३७००७ | ४४१०४० | ८७८,०४७ |
| उच्च माध्यमिक (११-१२) | १९५५६५ | १९१९५१ | ३८७५१६ |
| **जम्मा** | **३८७०२४७** | **३७९५२०१** | **७६६५४४८** |

**तालिका नं २ : सामुदायिक विद्यालयतर्फ विद्यार्थी भर्ना संख्या**

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| आधारभूत (१-८) | २८१२५२० | २६१००९६ | ५४२२६१६ |
| माध्यमिक (९-१०) | ३६८४४७ | ३५३६९८ | ७२२१४५ |
| उच्च माध्यमिक (११-१२) | १५९०९१ | १४३२४३ | ३०२३३४ |
| **जम्मा** | **३३४००५८** | **३१०७०३७** | **६४४७०९५** |

**तालिका नं. ३ : दलित विद्यार्थी भर्ना संख्या (संस्थागत र सामुदायिक विद्यालयको कुल योग)**

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| आधारभूत (१-८) | ६०६२०४ | ५८८४९९ | ११९४७३३ |
| माध्यमिक (९-१०) | ४४२७७ | ४८७६० | ९३०३७ |
| उच्च माध्यमिक (११-१२) | १३४८९ | १५९९८ | २९४८७ |
| **जम्मा** | **६६३९७०** | **६५३२५७** | **१३१७२२७** |

तालिका १ र २ मा प्रस्तुत तथ्याङ्कअनुसार विभिन्न तहमा अध्ययन गर्ने कुल विद्यार्थीमध्ये झण्डै ८४ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययन गर्छन् । सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीमध्ये झण्डै ५२ प्रतिशत जति छात्राको संख्या देखिन्छ, जसमा करिब ८४ प्रतिशत आधारभूत तहका छन् । त्यसैगरी, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्ने कुल विद्यार्थी संख्याको करिब १७.१८ प्रतिशत दलित विद्यार्थीको संख्या देखिन्छ, जसमध्ये ठूलो हिस्साले सामुदायिक विद्यालयमा अध्ययन गर्छन् । यति ठूलो संख्याका विद्यार्थीहरूको शिक्षामा योगदान गर्नका लागि सरकारले लिएको नीतिको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक छ । यसमा भएका कमीकमजोरी हटाउन सघाउनका लागि वर्तमान अवस्थाको यथार्थ चित्रण हुनु आवश्यक छ । यस्ता सूचना सरकारलाई उपलब्ध गराउन यो अध्ययनले सहयोग गर्ने अपेक्षा गर्न सकिन्छ ।

### १.४. कार्य जिम्मेवारी

(क) फ्रिडम फोरमले अध्ययनको उद्देश्य र सीमा तय गरी त्यसमा विशेषज्ञ सहायता प्रदान गर्न अनुसन्धानकर्ता श्री किशोर महर्जनलाई छनोट गरी प्रश्नावली तयार गर्नेदेखि अध्ययन प्रक्रिया अघि बढाउन टोलीको नेताको जिम्मा दिइयो । सामाजिक जवाफदेहिता अभ्यासकर्ता अनिरुद्र न्यौपानेको संयोजन र अनुसन्धानमा सघाउनका लागि दानबहादुर कार्की र स्थानीय सहयोगीसमेत ३ जनाको सर्वेक्षण टोलीलाई कपिलवस्तु जिल्लामा छात्रा र दलित छात्रवृत्ति सार्वजनिक खर्च पछ्याउने सर्वेक्षण कार्यको जिम्मा दिइ कार्य पूरा गरियो ।

## १.४. उद्देश्य र क्षेत्र

### १.४.१ उद्देश्य

सर्वेक्षणको प्रमुख उद्देश्य छात्रा र दलित विद्यार्थीको छात्रवृत्तिमा पहुँचको अवस्था चित्रण गर्नु हो । यस अतिरिक्त निम्न सहायक उद्देश्य छन् :

(क) छात्रवृत्ति रकम प्रवाह हुँदा विभिन्न तहका विभिन्न प्रक्रियाको पहिचान गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयनका क्रममा हुने चुहावट, भिन्नताको पहिचान र मूल्याङ्कन गर्ने।

(ग) प्रक्रियाको पालना, खर्चको व्यवस्थापन, आवश्यक अभिलेखीकरण र खातापाताको विश्लेषण गरी छात्रवृत्तिको वर्तमान पद्धतिमा आवश्यक सुधारका लागि स्पष्ट दृष्टिकोण र सुझाव दिने ।

(ग) छात्रवृत्ति कार्यक्रमको प्रभाव आंकलन गर्ने।

### १.४.२ कार्यक्षेत्र

अध्ययनको कार्यक्षेत्र निम्नबमोजिम थियो

(क) अध्ययन टोलीले सार्वजनिक खर्च पछ्याई सर्वेक्षणको विधिद्वारा छात्रा र दलित छात्रवृत्तिको मामिला अध्ययन गर्ने ।

(ख) यसको निम्ति आवश्यक प्रश्नावली, कार्यसूची तयार गरी सम्बन्धित सबै पक्षसँग सम्पर्क र समन्वय गरी अध्ययन गर्ने।

### १.५ प्रतिवेदन

(क) अध्ययनबाट प्राप्त आँकडाका आधारमा टोलीले मस्यौदा प्रतिवेदन तयार गर्ने ।

(ख) मस्यौदामाथि आवश्यक छलफल गरी सो को निष्कर्ष समावेश गरी अन्तिम प्रतिवेदन तयार गर्ने ।

### १.६. अध्ययनको सीमा

(क) टोलीले कपिलवस्तु जिल्लाका ४ सय ५८ सामुदायिक विद्यालयमध्ये ५ वटा सामुदायिक विद्यालयमा अवलोकन समीक्षा, छलफल, उपलब्ध आँकडा र अभिलेखको आधारमा सार्वजनिक खर्च पछ्याई सर्वेक्षणको विधिबाट यो अध्ययन गरेको हो । यो पूर्णस्तरको सार्वजनिक खर्च पछ्याउने सर्वेक्षण नभई केही विद्यालय तथा सीमित संख्याका लाभग्राहीसम्म मात्र पुगेर गरिएको मामिला अध्ययन हो । उपलब्ध समयभित्र प्राप्त भएको सूचना र अभिलेखको आधारमा अध्ययन गरिएको छ । ।

(ख) कपिलवस्तु जिल्लामा मात्र गरिएको यो अध्ययनका लागि लिइएको नमुना विद्यालयको संख्या पनि कम भएकाले यो अध्ययनले समग्र मुलुकको छात्रवृत्ति कार्यक्रम कार्यान्वयनको अवस्थाको चित्रण नगर्न पनि सक्छ ।

(ग) यो अध्ययन पूर्ण लेखापरीक्षण कार्य होइन । अत: अध्ययनको नतिजाको प्रयोगमा ध्यान पुऱ्याउनु उचित हुन्छ । यसले आन्तरिक नियन्त्रण, रकमको प्रयोगमा रहेको विद्यमान चुनौतीको झलक मात्र प्रस्तुत गर्छ ।

(घ) अध्ययनमा निम्न माध्यमिक, माध्यमिक र उच्चमाध्यमिक विद्यालयलाई लिइए पनि आधारभूत तहमा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

# २. अध्ययन कार्य र विधि

## २.१ सामान्य कार्यविधि

अध्ययनको उद्देश्य प्राप्तिका लागि टोली र फ्रिडम फोरमबीचको छलफलबाट अध्ययनका निम्न कार्यविधिहरू पहिचान गरिएको थियो।

(क) टोलीले छात्रा र दलित छात्रवृत्तिमा भएको सार्वजनिक खर्च पछ्याई सर्वेक्षणको विधिमार्फत मामिला अध्ययन गर्ने।

(ख) टोलीले सर्वेक्षणको खाका तयार गर्ने, योजना बनाउने र सर्वेक्षण कार्यान्वयन गर्ने।

(ग) अध्ययनका लागि फ्रिडम फोरमले आवश्यक सबै व्यवस्था गर्ने।

## २.२ अध्ययन विधि

अध्ययनको दौरानमा निम्न विधि अपनाइएको थियो

(क) फ्रिडम फोरम र सर्वेक्षण टोलीबीच छलफल

(ख) छात्रा र दलित छात्रवृत्तिसम्बन्धी नेपाल सरकारको विद्यमान अभिलेख/प्रतिवेदन/मार्गदर्शन र निर्देशिकाको अध्ययन

(ग) सर्वेक्षण औजार/विधिको विकास र परिमार्जन

(घ) जिल्ला/विद्यालय छनोट

(ङ) सर्वेक्षणका लागि फारम र प्रश्नावली तयारी

(च) जिल्ला र विद्यालय छनोट

(छ) स्थलगत अध्ययन

(ज) प्रतिवेदन तयारी

## २.३ जिल्ला र विद्यालय छनोट

शिक्षा विभागले प्रकाशन गर्ने शैक्षिक तथ्याङ्क समेटिएको फ्ल्यास रिपोर्ट-२०६९ अनुसार कपिलवस्तु जिल्लाकम आधारभूत तहमा भर्ना भएका विद्यार्थी संख्याको करीव १९ प्रतिशत दलित विद्यार्थी छन्। कपिलवस्तु जिल्लामा अध्ययन गर्न सहज तथा समय, पारवहन, भौतिक विविधताको दृष्टिकोणले पनि उपयुक्त देखिएको कारणले पनि सो जिल्लालाई कपिलवस्तु जिल्लालाई छनोट गरिएको हो।

जिल्लाको २ उच्च माध्यमिक विद्यालय, १ माध्यमिक विद्यालय र २ निम्न माध्यमिक विद्यालय गरी ५ वटा विद्यालयमा सर्वेक्षण कार्य गरिएको थियो। जिल्ला शिक्षा कार्यालय कपिलवस्तुबाट प्राप्त जानकारीअनुसार दलित विद्यार्थी रहेका विद्यालय मध्येबाट अध्ययनको सहजतालाई समेत ख्याल गरी तल उल्लिखित विद्यालय अध्ययनका लागि लिइएका हुन्।

## २.४ अध्ययनका लागि प्रश्नावली

अध्ययन टोलीले विषेशज्ञहरूको परामर्शमा सर्वेक्षेणका लागि आवश्यक सूचना संकलन गर्ने उपकरणका विभिन्न निकाय र तहका लागि बेग्ला-बेग्लै प्रश्नावली तयार गरेको थियो।

क) शिक्षा विभागको निम्ति प्रश्नावली

ख) जिल्ला शिक्षा कार्यालयको निम्ति प्रश्नावली
ग) कोष तथा लेखा नियन्त्रक कार्यालयको निम्ति प्रश्नावली
घ) विद्यालयको निम्ति प्रश्नावली
ङ) सरोकारवालासँग समूह छलफलको निम्ति प्रश्नावली

### २.५. सूचना संकलन विधि

सूचना संकलनका लागि निम्न विधि अबलम्बन गरिएको थियो ।

क) राष्ट्रिय स्तरका बजेट सूचना अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय र शिक्षा विभागको प्रकाशित दस्तावेजहरूबाट लिइएको थियो ।
ख) शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय र विद्यालयबाट तयार गरिएका प्रश्नावलीको आधारमा जिम्मेवार अधिकारीहरूबाट सूचना र जानकारी लिइएको थियो ।
ग) शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालय कपिलवस्तुवाट थप सूचना इमेल र फ्याक्समार्फत पनि प्राप्त गरिएको थियो
घ) समूह छलफलमा उठेका विषयलाई अध्ययनमा संलग्न सदस्यहरूले टिपोट गरेका थिए ।
ङ) विद्याथीहरूसँग सोधपुछका लागि विद्यालय र विद्यार्थीको घरमा पनि अध्ययन टोलीका सदस्यहरू पुगेका थिए ।

### २.५ आँकडा विश्लेषण

संकलित तथ्याङ्कलाई तालीकरण र गरी त्यसैका आधारमा आँकडाहरूको विश्लेषण गरिएको छ। विश्लेषण गर्दा नीतिगत व्यवस्था र वास्तविक अवस्थाको बीचमा पनि तुलना गरिएको छ। अध्ययनका क्रममा प्राप्त तथ्याङ्कहरू विश्लेषण गरी टोली नेताबाट मस्यौदा प्रतिवेदन तयार पारिएको हो । मस्यौदामा विशेषज्ञहरूको राय र पृष्ठपोषणका लिएर त्यसैका आधारमा यो अध्ययन प्रतिवेदनलाई पूर्णता दिइएको हो ।

## ३) कार्ययोजना र जनशक्ति

### ३.१ कार्ययोजना

अध्ययनको सुरुवात मंसिर १२, २०७० देखि भएको थियो । कार्य तीन चरणमा सम्पन्न भएको थियो ।
प्रथम चरणः योजना (एक साता)
दोस्रो चरणः आँकडा संकलन र तालिकीकरण (पाँच दिन)
तेस्रो चरणः विश्लेषण र प्रतिवेदन (एक साता)

चौथो चरणः प्रतिवेदनमाथि विशेषज्ञको राय तथा सम्पादन(एक साता)

### ३.२ जनशक्ति

अध्ययनमा निम्न जनशक्ति निम्न चरणमा संलग्न थिए ।
किशोर महर्जन - टोली नेता प्रथम,दोस्रो र तेस्रो चरण
अनिरुद्र न्यौपाने - सामाजिक जवाफदेहिता अभ्यासकर्ता तथा अध्ययन व्यवस्थापक, सबै चरण
दानबहादुर कार्की - अध्ययन सहयोगी दोस्रो चरण
दिपनारायण अर्याल - स्थानीय सहयोगी

## ४) बजेट निर्माण र कार्यान्वयन

बजेट आगामी आर्थिक वर्षको आय र व्ययको अनुमानित विवरण हो । नेपालमा हरेक वर्षको साउन १ गतेदेखि अर्को वर्षको असार मासान्तलाई आधार मानी नेपाल सरकारले बजेट निर्माण गर्छ । नेपाल सरकारको केन्द्रीय बजेट निर्माणको संयोजन र नेतृत्व अर्थ मन्त्रालयले गर्ने भए पनि यसका अन्य निकायहरूको पनि महत्वपूर्ण भूमिका रहन्छ । बजेट निर्माणमा शिक्षा मन्त्रालयलगायत सबै विषयगत मन्त्रालय र राष्ट्रिय योजना आयोगको पनि निकै ठूलो भूमिका रहेको हुन्छ । विकासका कार्य गर्नका लागि तयार गरिने विकास बजेट निर्माणमा राष्ट्रिय योजना आयोगको अझै महत्वपूर्ण भूमिका हुन्छ । यसरी निर्माण हुने बजेटलाई अर्थ मन्त्रालयले अन्तिमरूप दिएर नेपाल सरकार मन्त्रिपरिषद्बाट पारित गरी व्यवस्थापिका संसद्मा स्वीकृतिका लागि पेस गरिन्छ । यसरी बजेट स्वीकृत भइसकेपछि स्वीकृत बजेटको सीमाभित्र रहेर नेपाल सरकारका विभिन्न निकायले बजेट कार्यान्वयन गर्छन् । शिक्षा बजेटमा केन्द्रित रहेर बजेट निर्माण र कार्यान्वयनको प्रक्रिया तल उल्लेख गरिएको छ ।

- राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वको स्रोत समितिले स्रोत अनुमान गरेपश्चात् बजेट समितिले बजेटको आकार, मन्त्रालयको हिस्सा, निर्धारण गर्छ र संसदको मार्ग दर्शनसमेत बजेट निर्माणका निम्ति अर्थ मन्त्रालयमार्फत शिक्षा मन्त्रालयमा पठाउँछ ।

- शिक्षा मन्त्रालयले मार्ग दर्शनको साथमा मध्यकालीन खर्च संरचनालाई ध्यानमा राखी बजेट सीमा विभाग, जिल्ला शिक्षा कार्यालयमा पठाउँछ ।

- शिक्षा विभागबाट प्राप्त मार्ग दर्शन बजेट सीमाबमोजिम प्रत्येक जिल्लामा वार्षिक रणनीति कार्यान्वयन योजना र वार्षिक कार्यक्रम र बजेट तयार गराई क्षेत्रीय निर्देशनालयमा व्यापक छलफल गरी विभागबाट वार्षिक कार्ययोजना तयार पारिन्छ । छात्रवृत्तिको हकमा शैक्षिक तथ्याङ्क समेटिएको रिपोर्ट अर्थात् फ्ल्यास रिपोर्टमा रहने सूचनामा आधारित रहेर बजेटको आकार निर्धारण गरिन्छ । त्यसमा संशोधन आवश्यक भएमा जिल्लाले प्रमाणसहित सो कार्य गर्न सक्दछ । (स्रोतः शिक्षा मन्त्रालय)

- कार्यक्रम, स्रोत, बजेट, चालू र पुँजीगत खर्चलगायतमा राष्ट्रिय योजना आयोगमा व्यापक छलफल गरी अर्थ मन्त्रालयले बजेटलाई अन्तिमरूप दिई संसद्को स्वीकृतिका लागि पठाउँछ र संसदमा आवश्यक छलफल गरी बजेट पारित हुन्छ । यसरी संसद्बाट पारित बजेटको अधिनमा रही सबै निकायहरूले खर्चहरू गर्नुपर्छ । (स्रोतः अर्थ मन्त्रालय, बजेट तजुमा दिग्दर्शन, २०६९)

- यसरी स्वीकृत बजेटको अधिनमा रही अन्य विषयत मन्त्रालयले जस्तै शिक्षा मन्त्रालयले पनि मन्त्रालय र अन्तर्गतका निकायहरूका मार्फत बजेट कार्यान्वयन गर्छ ।

## ५) छात्रवृत्ति वा शिक्षा बजेट अख्तियारी र निकासा प्रक्रिया :

- बजेटको स्वीकृतिपछि अर्थ मन्त्रालयले रातो पुस्तकबमोजिम शिक्षा मन्त्रालयलाई अख्तियारी प्रदान गर्छ । शिक्षा मन्त्रालयले पनि खर्च अख्तियारी शिक्षा विभागसमेत विभिन्न केन्द्रीय निकायहरूमा पठाउने व्यवस्था छ । साथै शिक्षा विभागले महालेखा नियन्त्रकको कार्यालयलाई कोष तथा नियन्त्रक कार्यालयमार्फत रकम निकासा गर्न अनुरोध गर्दछ ।

- प्राप्त बजेटको परिधिभित्र रही राष्ट्रिय योजना आयोगको स्वीकृतिमा विषयगत मन्त्रालयहरूले विकाससँग सम्बन्धित कार्यक्रम र बजेटमा सामान्य हेरफेर गर्न सक्छन् । छात्रवृत्तिका सन्दर्भमा रकम हेरफेर गर्ने कार्य अर्थ मन्त्रालयले मात्र गर्न सक्छ ।

- सामान्यतया शिक्षा बजेटको रकम संसद्बाट पारित भएपछि अर्थ मन्त्रालयबाट शिक्षा मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने व्यवस्था छ । शिक्षा मन्त्रालयले शिक्षा विभागलाई अख्तियारी दिन्छ । शिक्षा विभागले वार्षिकरूपमा जिल्ला कोष तथा नियन्त्रण कार्यालयलाई रकम निकासाको निम्ति अनुरोध गर्दछ । सो कार्यालयले विभागको स्वीकृतिमा चौमासिक रूपमा जिल्ला शिक्षा कार्यालयलाई निकासा प्रदान गर्दछ र जिल्ला शिक्षा कार्यालयले विद्यालय तथ्याङ्क र लेखा शाखाको सिफारिसका आधारमा विद्यालयको अनुरोध र प्रस्तुत अभिलेखको आँकडाको जाँचपछि रकम निकासा गर्दछ ।

- छात्रवृत्तिको बजेटका सन्दर्भमा शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयहरूलाई बजेट निकासा दिन्छ । यसरी प्राप्त बजेको अधिनमा रही जिल्ला शिक्षा कार्यालयहरूले विद्यालयहरूलाई एकमुष्ट छात्रवृत्ति रकम निकासा दिन्छन् । विद्यालयहरूले विद्यार्थीलाई छात्रवृत्ति रकम वितरण गर्छन् ।

# ६. अध्ययनबाट प्राप्त जानकारीको प्रस्तुति र विश्लेषण

## ६.१. रकम प्रवाहको प्रक्रिया र समय

सामान्यतया: जिल्ला शिक्षा कार्यालयबाट विद्यालयको रकम निकासामा ढिलाइ नहुने गरेको जानकारी जिल्ला शिक्षा कार्यालयले दियो । निकासाको निम्ति निश्चित ढाँचा भने नभएको जानकारी पनि सर्वेक्षणको क्रममा जिल्ला शिक्षा कार्यालयबाट पाइयो । सामान्यतया: वैदेशिक सहायताको हकमा स्रोतको उपयोगिता हेरेर मात्र निकासा हुन्छ । जिल्ला विकास समितिबाट स्वीकृति लिई सञ्चालन हुने पूर्व प्राथमिक विद्यालयको शिक्षकको तलबका हकमा रकम निकासा गर्दा जिल्ला विकास समितिको सिफारिस आवश्यक हुन्छ ।

शिक्षा विभागबाट जिल्ला शिक्षा कार्यालय कपिलवस्तुलाई दलित र छात्रा छात्रवृत्तिको सबै रकम दास्रो चौमासिकभित्र वितरण गरिसक्ने गरी निकासाका लागि स्वीकृत गरिएको जानकारी विभागको योजना तथा कार्यक्रम शाखाबाट प्राप्त भयो । आर्थिक वर्ष २०६९/७० मा नेपाल सरकारले पूर्ण बजेट समयमा सार्वजनिक नगरेकाले सबै रकम एकैपटक निकासा गर्न नसकिए तापनि छात्रवृत्ति रकम भने २०६९ फागुन महिना अघि नै निकासा गर्न स्वीकृत गरिएको जानकारी सर्वेक्षणमा दिइएको थियो । तर, विभागको आर्थिक व्यवस्थापन शाखाको अभिलेखअनुसार सबै छात्रवृत्ति रकम आर्थिक वर्षको अन्तिम महिना अर्थात् २०७० असार १८ गते मात्र निकासा भएको देखिन्छ । विभागबाट निकासा भएदेखि विद्यार्थीहरूले छात्रवृत्ति रकम प्राप्त गर्दासम्मको सयम तलको तालिकामा देखाइएको छ ।

**तालिका नं ४ : आर्थिक वर्ष २०६९/७० को छात्रवृत्ति रकम प्रवाहको समय**

| शिक्षा विभागबाट जिल्ला शिक्षा कार्यालयलाई निकासा | विद्यालयको नाम | निकासा पाएको मिति | छात्रवृत्ति वितरणको मिति |
|---|---|---|---|
| २०७० असार १८ गते | श्री उच्च मावि, बर्कलपुर | २०७० जेठ | २०७० भदौ |
| | श्री महेन्द्र उच्च मावि, कोपवा | २०७० असार | २०७० मंसिर |
| | श्री मावि, हरिहरपुर | २०६९ फागुन | २०७० असोज |
| | जनज्योति निमावि, महेन्द्रकोट | २०७० असार | २०७० असार |
| | त्रिशक्ति निमावि, दुविया | २०७० साउन | २०७० असोज |

स्रोत : शिक्षा विभाग र विद्यालयहरू (सर्वेक्षण)

शिक्षा विभागको आर्थिक व्यवस्थापन महाशाखाबाट आर्थिक वर्ष २०६९/७० को बजेट समयमा नआएकोले छात्रवृत्ति रकम समयमा निकासा गर्न नसकिएको जानकारी पाइयो । छात्रवृत्तिको रकमको हकमा जिल्ला शिक्षा कार्यालयले वार्षिक एकमुष्ट रूपमा विद्यालयलाई रकम प्रदान गरेको पाइयो । तर, छात्रवृत्ति रकम निकासा गर्दा विद्यालय पिच्छे फरक-फरक समयमा रकम निकासा गरेको पाइयो । शिक्षा विभागबाट छात्रवृत्ति शीर्षकको रकम जिल्ला शिक्षा कार्यालयलाई निकासा दिनुअघि नै सर्वेक्षणमा समेटिएका ५ मध्ये २ वटा विद्यालयलाई जिल्ला शिक्षा कार्यालय कपिलवस्तुले निकासा दिएको देखियो अन्य ३ विद्यालयलाई भने विभागबाट जिल्ला शिक्षा कार्यालयले रकम प्राप्त गरेपछि मात्र निकासा दिइएको देखियो । विद्यालयले छात्रवृत्ति रकम प्राप्त गर्ने समयमा एकरूपता नभएको माथिको तालिकाबाट प्रष्ट हुन्छ ।

कपिलवस्तु जिल्लामा छानिएका विद्यालयमध्ये एउटा विद्यालयले २०६९ फागुन र एउटाले जेठ, दुई विद्यालयले असार महिना र एकले साउन महिनामा छात्रवृत्तिबापतको रकम प्राप्त गरेको बताएका बताएका थिए । विद्यालयले विद्यार्थीलाई २०७० असार, भदौ, असोज, मंसिर र पुस महिनामा वितरण गरेको देखिन्छ । एक महिनादेखि सात महिनासम्म छात्रवृत्ति रकम विद्यालयमा नै रहेको देखिन्छ । विभागबाट अघिल्लो आर्थिक वर्षमा निकासा भएको रकम पछिल्लो आर्थिक वर्षमा मात्र विद्यालय र लक्षित विद्यार्थीसम्म पुगेको पनि भेटियो ।

कुनै-कुनै विद्यालयले वार्षिक उत्सवमा र अभिभावक भेलामा रकम वितरण गरेको देखिन्छ । विद्यालयहरूले शिक्षा कार्यालयमा माग गरेभन्दा कम रकम निकासा पाउने गरेको र प्रायः रकम अपुग हुने गरेको जानकारी अध्ययनका क्रममा दिइयो सबैलाई रु. ४०० का दरले वितरण गर्न पुग्ने गरी रकम निकासा नहुँदा दामासाहीले छात्रवृत्ति रकम वितरण गर्नुपरेको गुनासो विद्यालयहरूको रह्यो, खास गरी छात्रा छात्रवृत्तितर्फ यस्तो हुने गरेको बताइयो । दलित विद्यार्थीको हकमा भने माग आवश्यक केही थप रकम निकासा भएको पाइयो ।

## ६.२ शिक्षा बजेट तथा छात्रवृत्ति बजेट र खर्च

१. आव २०७०/७१ मा सरकारले रु. २.१४ अर्ब विभिन्न छात्रवृत्तिको निम्ति विनियोजन गरेको छ । जुन कुल शिक्षा बजेटको २.६५ प्रतिशत र कुल राष्ट्रिय बजेटको ०.४१ प्रतिशत छ । यसमध्ये छात्रा र दलितको छात्रवृत्तिको मात्रा अत्याधिक छ ।

छात्रवृत्तिमा विनियोजित बजेट खर्च नभएको पनि देखिन्छ । आर्थिक वर्ष २०६८/६९ मा कुल शिक्षा बजेट र छात्रवृत्ति बजेट खर्चको यथार्थ अवस्था तल प्रस्तुत छ ।[१]

**तालिका नं ५: आ.व. २०६८/६९ मा छात्रवृत्ति बजेट र खर्च**

| बजेट शीर्षक | वार्षिक बजेट | कुल खर्च (रु. हजारमा) | उपयोग (प्रतिशतमा) |
|---|---|---|---|
| छात्रवृत्ति | २,३८०६८६ | १९७१५०० | ८२.८१ |
| कुल शिक्षा बजेट | ६३, ९१८, ८६९ | ६२०३५०० | ९७.० |

(स्रोतः रातो किताब, आ.व. २०७०/७१ अर्थ मन्त्रालय)

कुल शिक्षा बजेटको खर्च प्रगति सन्तोषजन रहे तापनि छात्रवृत्तिको खर्च प्रगति उत्साहजनक नभएको देखिन्छ। छात्रवृत्तिको उपयोग कम हुनुले छात्रवृत्ति बजेट निर्माणमा वा कार्यक्रम कार्यान्वयन कहाँ कमजारी भएको हो, खोजी गर्नुपर्ने देखिन्छ ।

२. छात्रवृत्तिको बजेट निर्माण र रकम निकासा गर्दा शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयहरूको प्रस्तावलाई आधार मान्छन् । यसरी तयार भएको बजेट नै रकम निकासाको आधार हो । जिल्ला शिक्षा कार्यालय कपिलवस्तुबाट प्राप्त जानकारीअनुसार जिल्लाले प्रस्ताव गरेको बजेट तथा शिक्षा विभागबाट प्राप्त आँकडाअनुसार निकासा भएको रकम तालिका ५ मा प्रस्तुत छ ।

**तालिका नं ६. जिल्ला शिक्षा कार्यालय कपिलवस्तुले आर्थिक वर्ष २०६९/७० का लागि प्रास्ताव गरेको बजेट र शिक्षा विभागबाट निकासा भएको रकम**

| छात्रवृत्ति | जिल्ला शिक्षा कार्यालय कपिलवस्तुले प्रस्ताव गरेको बजेट (१) | शिक्षा विभागबाट निकासा भएको रकम (२) | निकासा र प्रस्तावित बजेट बीचको अन्तर (२-१) |
|---|---|---|---|
| छात्रा | १८६०८००० | १७७२२००० | (८८६,४००) |
| दलित | ९४३६००० | ९५९८४०० | १६२,४०० |
| **जम्मा** | **२८०४४०००** | **२७३२००००** | **७२४,०००** |

(स्रोतः जिल्ला शिक्षा कार्यालय कपिलबस्तु र शिक्षा विभाग भक्तपुर)

माथिको तालिका अनुसार छात्रा छात्रवृत्तिको हकमा जिल्ला शिक्षा कार्यालयले जिल्लाका लागि प्रस्ताव गरेको बजेटभन्दा शिक्षा विभागबाट निकासाका लागि स्वीकृत भएको रकम ८ लाख ८६ हजा ४ सय रुपैयाँ कम देखिन्छ। अर्कातिर, दलित छात्रवृत्तिको हकमा भने जिल्ला शिक्षा कार्यालयले माग गरेको भन्दा विभागबाट निकासाका लागि स्वीकृत भएको रकम बढी देखिन्छ । विभागको आर्थिक व्यवस्थापन शाखामा फरक-फरक छात्रवृत्ति शीर्षकमा के कति निकासा भयो भन्ने अभिलेख नभएकोले स्वीकृत रकम र निकासाको रकममा फरक परे वा नपरेको जानकारी प्राप्त हुन सकेन ।

कपिलवस्तु जिल्लाका लागि विभागबाट निकासा भएको कुल छात्रवृत्ति रकमभन्दा खर्च कम भएको देखिन्छ, जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

[१] यो अध्ययन आर्थिक वर्ष २०६९/७० को हो तर यथार्थ खर्चको आँकडा प्राप्त नभएकोले यहाँ अघिल्लो वर्षको आँकडालाई सन्दर्भका रूपमा राखिएको छ ।

### तालिका न ७ : आ.व. २०६९/७० मा छात्रवृत्ति रकम निकासा र खर्च

| विवरण | रकम | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| छात्रवृत्तिबापतको जम्मा निकासा | ३,५१,३४,८९२ | |
| छात्रवृत्तिमा जम्मा खर्च | ३,१८,८६,९४१ | ९०.७६ |
| खर्च नभई फ्रिज भएको रकम | **३२४७९५१** | **९.७४** |

(स्रोत, आर्थिक व्यवस्थापन शाखा, शिक्षा विभाग)

माथिको तालिका अनुसार कपिलवस्तु जिल्लामा छात्रवृत्तिबापत निकासा भएको रकममध्ये ९०.७६ प्रतिशत रकममात्र खर्च हुन सकेको र बाँकी ९.२४ प्रतिशत रकम खर्च नभई फ्रिज भएको देखिन्छ। छात्रवृत्तिको अधिकांश हिस्सा ओगट्ने छात्रा र दलित छात्रवृत्तिमा पनि यो अवस्था रहेको प्रस्ट हुन्छ।

२. छात्रा र दलित छात्रवृत्तिसम्बन्धी जिल्ला शिक्षा कार्यालय कपिलवस्तुबाट उपलब्ध आँकडा तथा शिक्षा विभागबाट प्राप्त आँकडाअनुसार आर्थिक वर्ष २०६९/७० मा कपिलवस्तु जिल्लाका लागि भएको छात्रवृत्ति रकमको निकासा र जिल्लामा भएको खर्चको विवरण निम्नबमोजिम छ।

### तालिका नं ८ः शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालय कपिलवस्तुको अभिलेखअनुसार दलित र छात्रा छात्रवृत्ति

| छात्रवृत्ति | शिक्षा विभागको योजना तथा कार्यक्रम शाखाको अभिलेखअनुसार निकासाका लागि स्वीकृत रकम (१) | जिल्ला शिक्षा कार्यालय कपिलवस्तुको अभिलेखअनुसार जिल्लामा प्राप्त रकम (२) | जि.शिका. बाट सम्बन्धित शीर्षकमा खर्च भएको रकम (३) | र जिल्ला शिक्षा कार्यालयबाट खर्च भएको र विभागबाट निकासाका लागि स्वीकृत रकमको अन्तर(४=३-१) |
|---|---|---|---|---|
| छात्रा | १७७२१६०० | १७६७०६३१ | १७६७०६३१ | (५०९६९) |
| दलित | ९५९८४०० | ९०१०८३० | ९०१०८३० | (५८७४७०) |
| **जम्मा** | **२७३२००००** | **२६६८१४६१** | **२६६८१४६१** | (६३८५३९) |

(स्रोत : शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालय कपिलवस्तु)

दलित र छात्रा छात्रवृत्तिको रकमको निकासाको रकमबारे शिक्षा विभाग, योजना शाखाको तथ्याङ्क र जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कका बीचमा अन्तर देखिन्छ। शिक्षा विभागको पत्रका आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी हुने भए पनि कोलेनिकामा सबै छात्रवृत्तिलाई एउटै शीर्षकमा राख्ने र लेखा शाखाले पनि छात्रवृत्ति रकमलाई एउटै शीर्षकमा अभिलेखन गर्ने हुनाले छात्रवृत्तिको शीर्षकभित्र हेरफेर गर्न सकिने सम्भावना रहन्छ। शिक्षा विभागको आर्थिक व्यवस्थापन शाखामा दलित र छात्रा छात्रवृत्तिको फरक अभिलेख नहुनु र कोष तथा लेखा नियन्त्रक कार्यालयले

पनि सबै छात्रवृत्ति खर्चलाई एउटै शीर्षकमा अभिलेख गर्ने गरेको कारणले यी दुई शीर्षकमा जिल्ला र विभागको आँकडा फरक पर्नाको यथार्थ कारण पत्ता लाग्न सकेन ।

विभागको कार्यक्रम कार्यान्वयन गर्ने शाखाको अभिलेख र शिक्षा कार्यालयले प्राप्त गरेको रकमको अभिलेख फरक पर्नुले छात्रा र दलित छात्रवृत्तिको रकम सेवाग्राहीसम्म पुग्ने कुरामा समस्या रहेको सहजै आँकलन गर्न सकिन्छ । दुवै शीर्षकमा विभागबाट भएको निकासाभन्दा खर्च कम भएको देखिन्छ । जिल्ला शिक्षा कार्यालयबाट विद्यालयहरूलाई दिइएको निकासा र खर्चको रकम भने एउटै रहेको देखिन्छ जबकी जम्मा छात्रवृत्तिको हकमा विभागको निकासाको ९० प्रतिशत मात्र खर्च भएको तथ्यांक छ । त्यसैले, खर्चको पारदर्शिताका लागि प्रत्येक शीर्षक छुट्टाछुट्टै देखाउनु आवश्यक छ । विभागले निकासा गरेको रकम खर्च भएर केही रकम बाँकी बाँकी हुनेपर्ने देखिए पनि जिल्ला शिक्षा कार्यालयको अभिलेखमा प्राप्त भएको रकम नै कम देखिएकाले खर्च नभएर बाँकी हुनुको कारण र त्यसको प्रयोगबारे थप विश्लेषण गर्न सकिएन ।

३. जिल्ला शिक्षा कार्यालय कपिलबस्तु कपिलवस्तुले आर्थिक वर्ष २०६९/७० का लागि दलित र छात्रा छात्रवृत्तिका लागि प्रस्ताव गरेको बजेट र शिक्षा विभागबाट निकासा भएको रकम तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९ : प्रस्तावित बजेट र खर्च (नेरुमा)**

| छात्रवृत्ति | बजेट | खर्च | बजेट र खर्चको अनुपात (प्रतिशतमा) |
|---|---|---|---|
| छात्रा | १८६०८००० | १७६७०६३१ | ९५ |
| दलित | ९४३६००० | ९०१०८३० | ९५.५ |
| **जम्मा** | **२८०४४०००** | **२६६८१४६१** | ९५.१ |

स्रोत : जिल्ला शिक्षा कार्यालय (सर्वेक्षण)

बजेट र खर्चको ढाँचामा हेर्दा ९५ प्रतिशत जति खर्च भएको देखिन्छ । शिक्षा कार्यालयको आँकडा हेर्दा आवश्यकभन्दा ५ प्रतिशत कम बजेट निकासा प्राप्त भएको र त्यसले लक्षित समूहमा पर्याप्त रकम पुऱ्याउन नसकिएको देखिन्छ । त्यसैले, बजेट प्रस्ताव गर्दा यथोचित विधि र प्रक्रिया पुगे वा नपुगेको एकिन गरी जिल्ला शिक्षा कार्यालयले आवश्यक बजेट मात्र प्रस्ताव गर्नुपर्ने देखिन्छ । त्यसैगरी जिल्लामा आवश्यक भएजति रकम निकासा गर्ने र खर्च पनि हुने व्यवस्था गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ, जसले स्रोतको उचित विनियोजन र खर्च भई वास्तविक लक्षित समूहलाई लाभ पुग्छ ।

४. जिल्लामा छात्रा र दलित छात्रवृत्ति पछ्याउने क्रममा ५ वटा विद्यालय छनोट गरी सर्वेक्षण गरिएको थियो । प्राप्त आँकडाअनुसार आर्थिक वर्ष २०६९/७० मा जिल्ला शिक्षा कार्यालयबाट छात्रा र दलित छात्रवृत्ति शीर्षकमा निकासा ५ विद्यालयलाई निकासा दिइएको, विद्यालयले प्राप्त गरेको र विद्यालयले खर्च गरेको रकम निम्नबमोजिम देखिन्छ ।

**तालिका नं १० : छानिएका विद्यालयका लागि छात्रवृत्ति रकम निकासा, प्राप्ति र खर्च (ने.रु.मा)**

| छात्रवृत्ति | जिल्ला शिक्षा कार्यालय कपिलवस्तुबाट छनोट गरिएका ५ विद्यालयलाई निकासा दिइएको रकम | ५ विद्यालयले प्राप्त गरेको कुल रकम | ५ विद्यालयको खर्च रकम | विद्यालयहरूमा बाँकी देखिनुपर्ने रकम |
|---|---|---|---|---|
| छात्रा | ४३८००० | ४०९७२५ | ४२१७२५ | १६२७५ |
| दलित | १९२००० | १६९४०० | १४६४०० | ४५६०० |
| **जम्मा** | **६३००००** | **५७९१२५** | **५६८१२५** | **६१८७५** |

छात्रा र दलित छात्रवृत्तिका लागि जिल्ला शिक्षा कार्यालय कपिलवस्तुले निकासा गरेको भनि अभिलेखन गरेको रकम र विद्यालयले प्राप्त गरेको भनी अभिलेख गरेको रकम फरक देखिन्छ । दुवै शीर्षकमा जिल्ला शिक्षा कार्यालयले निकासा गरेको रकमभन्दा विद्यालयहरूको अभिलेखमा प्राप्त भनी उल्लेख भएको रकम कम देखिन्छ । खर्चतर्फ छात्रातर्फ निकासा भएको भन्दा धेरै र दलिततर्फ थोरै खर्च भएको देखिन्छ । समग्रमा विद्यालयहरूले प्राप्त गरेको भनी उल्लेख भएको रकमभन्दा खर्च भएको भनी उल्लेख गरेको रकम कम देखिन्छ ।

विद्यालयमा लेखा शाखा नरहेको तथा आर्थिक अभिलेख प्रणाली कमजो र देखियो । खातापाता व्यवस्थित तरिकाले राखिएको पनि भेटिएन । सामान्यतयाः जिल्ला शिक्षा कार्यालयबाट रकम प्राप्त भइसकेपछि प्राप्त भएको रकम फरक शीर्षकमा अभिलेखन गरेको हुनसक्ने अनुमान गर्न सकिए तापनि विद्यालयबाट त्यसको थप जानकारी हुन सकेन ।

## ६.३. छात्रा र दलित विद्यार्थी संख्या

छात्रवृत्तिको बजेट विद्यार्थी संख्यामा आधारित भएर निर्माण हुने भएकोले आँकडा यथार्थ हुनुपर्छ । अध्ययनमा समेटिएको कपिलवस्तु जिल्ला र शिक्षा विभागको आँकडामा छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या समान देखिँदैन । त्यसैगरी विद्यालयको अखिलेखमा उल्लिखित छात्रवृत्ति प्राप्त गर्ने छात्रा र दलित विद्यार्थी संख्या र जि.शि.काले छात्रवृत्ति प्राप्त गर्न कायम गरेको विद्यार्थी संख्यामा भिन्नता देखिन्छ, जसले तल्लो तहदेखि बजेट निर्माणमा प्रायेग भएको आँकडामा त्रुटिको आशंका गर्न सकिन्छ, जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं ११ मा शिक्षा मन्त्रालयले प्रकाशन गर्ने शैक्षिक तथ्याङ्क (फ्ल्यास रिपोर्ट), २०६९ र जिल्ला शिक्षा कार्यालय कपिलवस्तुसँग रहेको सामुदायिक विद्यालयका विद्यार्थी संख्यासम्बन्धी आँकडा प्रस्तुत गरिएको छ । सामुदायिक विद्यालयमा अध्ययन गर्ने दलित संख्याको मात्र बेग्लै तथ्याङ्क फ्लास रिपोर्टबाट प्राप्त हुन नसकेकोले आँकडाको तुलना गर्नका लागि छात्राको संख्या छात्राको आँकडालाई मात्र तलको तालिकामा प्रस्तुत गरिएको हो ।

**तालिका नं ११ : फ्लास रिपोर्ट २०६९ र जिल्ला शिक्षा कार्यालयको आँकडा अनद्रसार छात्रा संख्या**

| कक्षा | जिल्ला शिक्षा कार्यालय कपिलवस्तुको आँकडा | फ्लास रिपोर्ट २०६९ अनद्रसार को आँकडा | भिन्नता |
|---|---|---|---|
| १ | १२,२०७ | १४५४८ | २३४१ |
| २ | ९७२६ | ११५१९ | १७९३ |
| ३ | ८१८४ | ९४३६ | १२५२ |
| ४ | ६३५२ | ७२३९ | ८८७ |
| ५ | ५३९८ | ६०८३ | ६८५ |
| ६ | ४३८९ | ४५२६ | १३७ |
| ७ | ४१६६ | ४२९० | १२४ |
| ८ | ३५७३ | ३६८० | १०७ |
| **जम्मा** | **५३९९५** | **६१३२१** | **७३२६** |

माथिको तालिका अनुसार छात्रातर्फ जिल्ला शिक्षा कार्यालय कपिलवस्तुको आँकडाभन्दा फ्लास रिपोर्ट २०६९ को आँकडामा उल्लिखित छात्राको संख्या ७३२६ ले बढी छ। यसले छात्रवृत्तिको बजेट र खर्चमा प्रयोग हुने आँकडामा त्रुटिको आशंका गर्न सकिन्छ। छात्रवृत्ति बजेट विद्यार्थी संख्यामा भर पर्ने भएकाले आँकडाको त्रुटिले बजेटमा ठूलो असर पर्न सक्दछ। सही र यथार्थपरक बजेटको निम्ति यस्ता त्रुटि हटाउन आवश्यक छ। त्यसैले, गुणस्तरीय आँकडा प्राप्त गर्ने संयन्त्रको विकास गर्न आवश्यक देखिन्छ।

**तालिका नं १२ : शैक्षिक सत्र २०६९ मा छात्रवृत्ति पाउने विद्यार्थी संख्याबारे विद्यालयहरू र जिल्ला शिक्षा कार्यालयमा रहेको अभिलेख**

| विद्यालय | विद्यालय र जिल्ला शिक्षा कार्यालयमा रहेको छात्राहरूको आँकडा | | | विद्यालय र जिल्ला शिक्षा कार्यालयमा रहेको दलित विद्यार्थीको आँकडा | | |
|---|---|---|---|---|---|---|
| | विद्यालय | जिल्ला शिक्षा कार्यालय | फरक | विद्यालय | जिल्ला शिक्षा कार्यालय | फरक |
| महेन्द्र उच्च मावि, कोपवा | २०६ | २८६ | ८० | १३ | २६ | १३ |
| त्रिशक्ति निमावि, दुविया | ८९ | ८५ | ४ | ५४ | ४२ | (१२) |
| श्री जनज्योति निमावि, महेन्द्रकोट | १२१ | १३० | ९ | ४७ | ८४ | ३७ |
| श्री मावि निम्डाँडा, हरिहरपुर | ३६२ | ३४७ | (१५) | ९६ | ९३ | (३) |
| श्री उच्च मावि, वर्कलपुर | २४७ | २७७ | (३०) | १५६ | १९४ | ३८ |
| **जम्मा** | **१०२५** | **११२५** | **१००** | **३६६** | **४३९** | **७३** |

जिल्ला शिक्षा कार्यालयमा रकर्ड गरिएका विद्यार्थी संख्याभन्दा विद्यालयमा रकर्ड गरिएका विद्यार्थी संख्या कम देखिन्छ। दुईवटा विद्यालयमा जिल्ला शिक्षा कार्यालयको रेकर्डमा भन्दा बढी छात्रा संख्या देखियो तर समग्रमा विद्यालयमा भन्दा

जिल्ला शिक्षा कार्यालयको रकेर्डमा १ सयजना बढी छात्रा संख्या देखियो। दलिततर्फ २ वटा विद्यालयमा रहेको विद्यार्थी संख्या जिल्ला शिक्षा कार्यालयमा कायाम रहेको संख्याभन्दा बढी भएको देखिन्छ तर समग्रमा विद्यालयको अभिलेखमा भन्दा जिल्ला शिक्षा कार्यालयको अभिलेखमा ७३ जना बढी दलित विद्यार्थी संख्या देखिन्छ। यसरी आँकडामा भिन्नता देखिनुले छात्रवृत्ति बजेटको सही सदुपयोग हुन नसकेको आशंका गर्न सकिन्छ। आँकडा दुरुस्त राख्न एउटा भरपर्दो संयन्त्रको विकास गर्नु आवश्यक देखिन्छ। सही आँकडा नै यथार्थपरक बजेटको मेरुदण्ड हो।

तालिका ११ र १२ लाई केलाउने हो भने शिक्षा बजेटको कार्यान्वयनमा संलग्न तल्ला एकाइहरूले यथार्थभन्दा बढी संख्या माथिल्ला एकाइमा पठाउने गरेको देखियो। विद्यालयमा भन्दा शिक्षा कार्यालय र शिक्षा कार्यालयमा भन्दा शिक्षा विभागमा बढी विद्यार्थी संख्या देखिनुले यो तथ्य प्रमाणित हुन्छ।

## ६.४. छात्रा र दलित छात्रवृत्तिको कार्यान्वयनको प्रभावकारिता :

### ६.४.१ सेवाग्राही सर्वेक्षणको विश्लेषण :

छात्रा र दलित छात्रवृत्तिको प्रभावकारिता र विश्वसनीयता आँकलन गर्ने हेतुले सेवाग्राही सर्वेक्षण पनि गरिएको थियो। ५ विद्यालयको २९ सेवाग्राही अर्थात् छात्रवृत्ति पाउने विद्यार्थीसँग गरिएको अन्तर्वार्तामा निम्न विषय उजागर भएका थिए।

#### (क) छात्रवृत्ति रकमबारे सचेतना

छात्रवृत्तिबारे सम्पूर्ण विद्यार्थीलाई जानकारी भएको देखिएन। छात्रवृत्तिको प्रक्रियाबारे जानकारी दिने नगरिएको र रकमबारे कतै कक्षा शिक्षकमार्फत र कतै रकम वितरण गर्दा मात्र जानकारी दिने गरेको पाइयो। छात्रवृत्ति रकम ४ सय हुने बारेमा ७० प्रतिशत विद्यार्थीलाई मात्र जानकारी भएको पाइयो। अन्तर्वार्तामा समेटिएका २९ विद्यार्थीमध्ये पूरै छात्रवृत्ति रकम (रु.४००) जम्मा ११ जना अर्थात् ३८ प्रतिशतले प्राप्त गरेको, १ जना अर्थात् ३.५ प्रतिशतले प्राप्त नै नगरेको र १७ जना अर्थात् ५८.५ प्रतिशतले रु. २०० भन्दा बढी र रु. ४०० भन्दा कम प्राप्त गरेको पाइयो। ९३ प्रतिशत विद्यार्थीले छात्रवृत्ति रकम भदौदेखि कात्तिक महिनामा प्राप्त गरेको देखिन्छ। छात्रवृत्ति कार्यान्वयन निर्देशिका २०६८ अनुसार जिल्ला शिक्षा कार्यालयबाट रकम प्राप्त भएपछि वितरणको प्रक्रिया सुरु गर्ने र वितरणको समय विद्यालय व्यवस्थापन समितिले तोक्ने व्यवस्था छ तर वितरणको समय भने तोकिएको छैन।

#### (ख) रकमको उपयोगमा सरसल्लाह

अन्तर्वार्तामा समेटिएका २९ जनामध्ये १८ जना अर्थात् करिब ६३ प्रतिशतले छात्रवृत्ति रकम कलमकापी किन्न उपयोग गरेको, ४ जना अर्थात् १४ प्रतिशतले पोसाक किनेको र २ जना अर्थात् ७ प्रतिशतले झोला किनेको र ४ जना अर्थात् १४ प्रतिशतले अभिभावकलाई दिएको पाइयो। धेरैजसो अर्थात् ५३ प्रतिशतले अविभावकसँग सरसल्लाह गरी खर्च गरेको देखिन्छ।

#### (ग) प्रक्रिया/नियमितता/रकम संकलन

छात्रवृत्ति प्रक्रियाबारे ९६ प्रतिशत अर्थात् २८ जनालाई थाहा नभएको पाइयो। छात्रवृत्ति प्राप्त गर्ने ९६ प्रतिशत विद्यार्थी नियमित विद्यालय गइरहेको देखिन्छ। छात्रवृत्ति प्राप्त गरेका मध्ये ५९.५ अर्थात् १७ जनाले छात्रवृत्ति रकम स्वयम् संकलन गरेको र बाँकीको रकम अभिभावकले प्राप्त गरेको देखिन्छ।

### (घ) समानता/सहयोग/पर्याप्तता

छात्रवृत्ति रकम वितरण गर्दा सबैलाई समान रूपमा नगरिने गरेको भनी १४ प्रतिशत विद्यार्थीले गुनासो गरे । ३१.५ प्रतिशतले समान रूपमा रकम प्राप्त गरेको र बाँकीलाई थाहा नभएको पाइयो । रकमबाट ७० प्रतिशतलाई छात्रवृत्ति रकमले केही सहयोग भएको लागेको, १६ प्रतिशतलाई पुर्ण सहयोग भएको र १४ प्रतिशतलाई केही नभएको लागेको पाइयो । प्रायः सबै विद्यार्थीको छात्रवृत्ति रकम अपर्याप्त रहेको धारणा पाइयो ।

### (ङ) अपेक्षित रकम र वितरण समय

सेवाग्राहीहरूले वार्षिक रु. ५ सयदेखि ६ हजारसम्म अपेक्षा राखेको पाइयो । ३५ प्रतिशतले नयाँ शैक्षिकसत्र सुरु हुँदा पाउनु राम्रो हुने धारणा राखे, ५२.५ प्रतिशतले परीक्षा अगाडि हुनुपर्छ भन्ने धारणा राखे भने र १२.५ प्रतिशतले जहिले दिए पनि फरक नपर्ने धारणा राखे ।

## ६.४.२. समूह छलफल/ सरोकारवाला विश्लेषण

सर्वेक्षणमा छात्रा र दलित छात्रवृत्तिको प्रभावकारिता र घर-घरमा पर्ने असरको आँकलन गर्न व्यवस्थापन समितिसमेतको अभिभावक भेला गराई समूह छलफल गरी जम्मा १२ जना अभिभावक भेला भएका थिए, सो भेलामा निम्न विषयमा छलफल भई निम्न तथ्य प्रकाशमा आएको थियो .

### (क) छात्रवृत्ति रकमबारे सचेतना

भेलामा सहभागी प्रायः सबैलाई छात्रवृत्तिबारे थाहा भएको पाइयो । एउटा विद्यालयका अभिभावकहरूले विद्यालयले विद्यार्थीको निम्ति रु. १ सय २० रुपैयाँ टाई र पेटीका लागि काटेको जानकारी पनि दिइएका थिए । विद्यालयमा उपलब्ध अभिलेखमा भने यसरी रकम कट्टा गरेको देखिँदैन ।

### (ख) वितरण समय र प्रापक

छात्रवृत्ति रकम वितरण हुने समयबारे विद्यार्थीहरूले अभिभावकलाई जानकारी दिने गरेको पाइयो ।
विद्यालयले व्यवस्थापन समिति र शिक्षकको छलफलबाट विद्यार्थीको उपस्थितिमा अभिभावकलाई रकम हस्तान्तरण गरेको पाइयो, सहभागी सबैको छात्रवृत्तिको रकम अत्यन्त न्यून भएको गुनासो पाइयो ।

#### (ग) खर्चसम्बन्धी निर्णय : समूहमा

खासगरी दलित छात्रवृत्ति वितरण गरेको दिन अभिभावकले रक्सी खाएर मातेको भन्ने जानारी पनि दिइयो । अन्यथा, खर्चको निर्णय विद्यार्थी र अभिभावक मिलेर नै गर्ने गरेको देखियो ।

### (घ) छात्रवृत्तिले ल्याएको परिवर्तन

रकम अत्यन्त न्यून भएकाले खासै परिवर्तन ल्याउन नसकेको तर पढ्न गए सरकारले पैसा दिन्छ भन्ने मनोविज्ञान भएको । विद्यालयहरूकाबीच र एउटै विद्यार्थीहरूका बीचमा एउटै मापदण्डका आधारमा समान रूपमा रकम वितरण हुने सुनिश्चितताका लागि सम्वन्धित निकायको पर्याप्त निगरानी हुनुपर्ने देखिन्छ ।

### (ङ) तह र शैक्षिक जीवनमा असर :

शैक्षिकभार केही मात्रामा कम भएको। शैक्षिक जीवनमा खासै असर नपुगेको तर थोरबहुत विद्यार्थीले सम्मानित भएको महसुस गरेको।

## ७) संस्थागत टिप्पणी :

सर्वेक्षणको दौरान बजेट खर्चको विश्लेषणको अलावा विभिन्न आँकडा अभिलेखको अध्ययन र पदाधिकारी, व्यक्तिहरूसँगको छलफलबाट केन्द्र र जिल्लास्तरमा प्रकाशमा आएका तथ्य निम्न छन् :

### ७.१ केन्द्रीयस्तर (नेपाल सरकार, शिक्षा मन्त्रालय र शिक्षा विभाग) :

शिक्षा मन्त्रालय र शिक्षा विभागको अभिलेखीकरण र प्रतिवेदनको गुणस्तरमा प्रगति भएको देखिएको छ। खासगरी वित्तीय व्यवस्थापन कार्ययोजना र कार्यक्रम कार्यान्वयन विधिमा सुधार भएको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका २०७०/७१ प्रकाशनमा आएको छ, जसमा छात्रवृत्ति, खासगरी छात्रा र दलित छात्रवृत्तिसम्बन्धी कार्यान्वयन विधि विस्तृत रूपमा व्याख्या गरिएको छ। यसअघि छात्रवृत्ति कार्यान्वयन निर्देशिका २०६८ (मस्यौदा) बमोजिम छात्रवृत्ति कार्यक्रम सञ्चालन भइरहेको थियो। कार्यान्वयन पुस्तिकाका आधारमा कार्यान्वयनको अध्ययन गर्दा केही कमी कमजोरी देखापरेको थियो।

(क) अ.व. २०६८/६९ मा कुल बजेटको ९७.१ प्रतिशत सदुपयोग भएको थियो, तर छात्रवृत्तितर्फ मात्र ८२.८ प्रतिशत खर्च भएको थियो। यसले कार्यान्वयनतर्फ कमी कमजोरी रहेको इंगित गर्छ।

(ख) कोष तथा लेखा नियन्त्रक कार्यालयको बजेट निकासा फारममा उपशीर्षक ३५०८०३३ मा छात्रवृत्ति रकम स्रोत र दातृ निकायको आधारमा मात्र वर्गीकरण गरिएको तर छात्रा र दलित छात्रवृत्ति भनी छुट्टाछुट्टै शीर्षक नभएकाले गर्दा कुनै एक कार्यक्रम मात्रको खर्च पछ्याउन सजिलो छैन।

(ग) छात्रवृत्ति वितरण गरिसकेपछि त्यसको अनुगमनको छुट्टै प्रतिवेदन बुझाउने व्यवस्था नभएको देखिन्छ।

(घ) वार्षिक रणनीतिक कार्यान्वयन योजना निर्माण गर्न ढिलाइ भएकाले गर्दा कार्यक्रम नै ढिलो कार्यान्वयन भएको देखिन्छ।

### ७.२.जिल्ला शिक्षा कार्यालय

(क) बजेट र खर्चको हकमा विभागबाट छात्र र दलित छात्रवृत्तिको निम्ति निकासा भएको र जिल्लामा खर्च भएको रकममा भिन्नता देखियो । यसरी फरक पर्न आएको रकमको अभिलेख कतै देखिएन । शिक्षा विभागले प्रकाशन गर्ने शैक्षिक तथ्याङ्क (फ्ल्यास रिपोर्ट ) र जिल्ला शिक्षा कार्यालयको शैक्षिक आँकडाको बीचमा उल्लेख्य भिन्नता पाइयो ।

(ख) छात्रा र दलित विद्यार्थीको संख्या विद्यालयको अभिलेखमा भन्दा जिल्ला शिक्षा कार्यालयको अभिलेखमा बढी पाइयो। त्यसैगरी जिल्ला शिक्षा कार्यालयको अभिलेखमा भन्दा फ्ल्यास रिपोर्टमा बढी विद्यार्थी संख्या देखियो।

(ग) विद्यालयहरूलाई एकै समयमा छात्रवृत्ति रकम निकासा नगरी भिन्न-भिन्न मितिमा दिने गरेको पाइयो ।

(घ) जि.शि.का.ले छात्रवृत्ति प्राप्त गर्ने विद्यालय, विद्यार्थी संख्या र छात्रवृत्ति निकासाको सूचना वेबसाइटमा नराखेको भेटियो।

(ङ) छात्रवृत्ति समिति क्रियाशील नरहेको पाइयो ।

(च) जि.शि.का.ले अनुगमन भ्रमण योजना नबनाएको र अनुगमन प्रतिवेदन तयार गर्ने परिपाटि नभएको पाइयो। वित्तीय अनुगमन पनि पर्याप्त देखिएन।

(छ) विद्यालयबाट प्राप्त लेखापरीक्षण प्रतिवेदन र सामाजिक परीक्षणको अभिलेख राख्ने गरेको पाइएन ।

### ७.३ विद्यालयहरू

(क) निकासा र खर्चतर्फ छात्रा र दलित छात्रवृत्ति वितरणपछि बाँकी देखिनुपर्ने रकमको अभिलेख नराखिएको पाइयो ।
(ख) जि.शि.का. बाट निकासाभन्दा विद्यालयले कम रकम प्राप्त गरेको देखाएको तर खर्च भने प्राप्त रकमभन्दा बढी देखियो ।
(ग) छात्रातर्फ निकासा प्राप्त भएको भन्दा बढी र दलिततर्फ कम रकम खर्च भएको देखियो ।
(घ) जि.शि.का.को अभिलेखमा भन्दा विद्यालयको अभिलेखमा विद्यार्थी संख्या कम देखियो ।
(ङ) सामान्यतः हरहिसावको अभिलेख राख्ने व्यवस्था कमजोर रहेको **पाइयो** । उच्च माध्यमिक र माध्यमिक विद्यालयमा भन्दा निम्न माध्यमिक विद्यालयको लेखा प्राणाली झनै कमजोर देखियो । अधिकांश विद्यालयमा नगद खाता, लेजर र आयव्यय विवरण भेटिएन ।
(च) शैक्षिक सत्रको बीचमा भर्ना भएको विद्यार्थीलाई पनि छात्रवृत्ति कार्यक्रममा समावेश गरेको पाइयो ।
(छ) कुनै विद्यालयमा दोहोरो छात्रवृत्ति प्रदान गरिएको पनि पाइयो ।
(ज) छात्रवृत्ति वितरणको सूचना दिने तरिकामा एकरूपता पाइएन ।
(झ) छात्रवृत्ति रकमको वितरणपछि भर्पाइको रूपमा रजिस्टरमा हस्ताक्षर गरिएको भेटियो । रकम नलेखी हस्ताक्षर गरेको पनि भेटियो । अभिभावकले प्राप्त गर्दा औंठाछाप पनि लगाएको पाइयो ।
(ञ) लेखापरीक्षकको छनोटका सम्बन्धमा व्यवस्थापन समितिका कतिपय सदस्यलाई थाहा नै नभएको पाइयो ।
(ट) निमाविमा सम्पूर्ण आर्थिक सूचना प्रधानाध्यापकलाई मात्र थाहा भएको र अन्य शिक्षकहरू अनविज्ञ रहेको पाइयो ।
(ठ) छात्रवृत्तिसम्बन्धी निर्णयहरू निर्णय पुस्तिकामा नचढाउने गरेको भेटियो ।

## ८. प्रमुख चुनौती र सुझाव :

छात्रा र दलित छात्रवृत्तिको बजेट विद्यार्थी संख्यामा भर पर्छ । विद्यार्थी संख्याको हकमा विभिन्न तहमा विभिन्न तहमा फरक-फरक आँकडाहरू देखाइएको छ । कुन आँकडा भरपर्दो र विश्वसनीय छ भनी ठम्याउन गाह्रो छ, जसले गर्दा खर्च पछ्याइ र उद्देश्यअनुरूपको बजेट खर्च सर्वेक्षण गर्न सजिलो छैन । मन्त्रालय, विभाग, जि.शि.का. को अपर्याप्त सूचना र विद्यालयको कमजोर आँकडा र कमजोर अनुगमनले छात्रवृत्ति कार्यक्रमको उद्देश्य प्राप्तिमा कठिनाइ रहेको देखिन्छ । त्यसकारण यसलाई चुस्त, दुरुस्त राख्न र खर्चको अधिकतम सदुपयोग र प्रभावकारी बनाउन निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

(क) विद्यालय र विद्यार्थीका सूचना तथा आँकडा अद्यावधिक गर्ने प्रणालीको विकास गर्ने ।
(ख) तथ्यपूर्ण सूचना र आँकडाको आधारमा यथार्थपरक बजेट निर्माण गर्ने ।
(ग) समयमै छात्रवृत्ति रकमको उपलब्धता र प्रवाहको सुनिश्चितता गर्ने ।
(घ) जि.शि.का.ले छात्रवृत्तिसम्बन्धी स्थानीयरूपमा छात्रा र दलित छात्रवृत्तिको निम्ति निकासा र वितरणको आचारसंहिता एवं निर्देशिका बनाएर एकरूपता ल्याउने र छात्रवृत्तिसँग सम्बन्धित सबै अभिलेख अध्यावधिक गरी स्रोत केन्द्रमा राख्ने । सो अभिलेखका आधारमा दण्ड, सजायको प्रवधानको विकास गर्ने ।
(ङ) विद्यालयमा सरल लेखा प्रणाली लागू गर्ने र व्यवस्थापन समिति, प्रधानाध्यापक, लेखापाल वा लेखा हेर्ने शिक्षकलाई सोसम्बन्धी तालिम दिने ।
(च) छात्रवृत्ति कार्यक्रम, छात्रवृत्तिको रकम, वितरण प्रक्रिया, वितरणको समय र उपयोगिता जस्ता विषयमा विद्यालयका

विद्यार्थीको निम्ति सचेतना कार्यक्रम सञ्चालन गर्ने। कक्षा शिक्षकबाट विद्यार्थीलाई अभिमुखीकरण गर्नु उपयुक्त हुन्छ।

(छ) छात्रवृत्तिलाई विद्यार्थीको हाजिरी र उनीहरूको आचरणसँग आबद्ध गर्ने जसबाट अनुशासनलाई मदत पुग्छ भने छात्रवृत्ति पाउनका लागि पूरा गर्नुपर्ने मापदण्डको पनि पालना हुन्छ ।

(ज) हिन भावना र नकारात्मक उत्प्रेरणालाई हतोत्साही गर्न छात्रवृत्ति रकम वितरण गर्दा समान रूपले गर्ने अन्यथा असमान रूपमा वितरण गर्नुपर्नाको कारणबारे विद्यार्थीहरूलाई जानकारी दिने।

## ९. निष्कर्ष

छात्रवृत्ति सदुपयोगको निम्ति शिक्षा मन्त्रालय र विभागबाट अपनाइएको उपाय र संकल्पको बाबजुद कार्यान्वयनतर्फ खासगरी नियन्त्रण, प्रक्रियाको आत्मसात र अनुगमनमा प्रशस्त कमी कमजोरी देखा पर्नुले बजेट र कार्यक्रमको उद्देश्य पुरा हुनेमा आशंका विद्यमान छ। यसको निम्ति माथिल्लो तहको संकल्पको निरन्तरताको साथसाथै क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरूको गुणस्तरीय र यथार्थपरक आँकडाको तयारी विद्यालयमा सरल लेखा प्रणालीको कार्यान्वयन, गुणस्तरीय लेखापरीक्षणका निम्ति सक्रिय भुमिका र अनुगमनको आवश्यकता छ। जि.शि.का., विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, लेखापरीक्षक र अभिभावक बीचमा सन्तुलनको पनि उत्तिकै आवश्यक छ।

खासगरी विद्यालय र विद्यार्थी संख्याको यथार्थपरक आँकडा तयार पार्नु अत्यन्त आवश्यक छ। यसैबाट छात्रवृत्ति रकम विनियोजनदेखि कार्यान्वयन, अनुगमन र नियन्त्रण गर्न सजिलो हुन्छ। यस्ता अनुसन्धान, अध्ययन, सर्वेक्षणजस्ता कार्यले छात्रवृत्ति लक्षित समूहमा पहुँचमा देखापरेको चुनौतीको सामना गर्न, कार्यक्रममा आवश्यक सुधार र परिमार्जन गर्न, यथार्थपरक बजेटको निर्माण र प्रभाव आँकलन गर्न सहयोग गर्छ। त्यसैले सरकार र नागरिक तहबाट यस किसिमका अध्ययनहरू निरन्तर गर्नु आवश्यक देखिन्छ।

## सन्दर्भ सामग्री

१. आ.व २०७०/७१ को बजेट वक्तव्य, अर्थ मन्त्रालय, नेपाल सरकार ।

२. आ.व २०७०/७१ को रातो किताब, अर्थ मन्त्रालय, नेपाल सरकार ।

३. आ.व २०६९/७० को रातो किताब, अर्थ मन्त्रालय, नेपाल सरकार ।

४. आ.व २०६८/६९ को रातो किताब, अर्थ मन्त्रालय नेपाल सरकार ।

५. फ्ल्यास रिपोर्ट २०६९ शिक्षा विभाग, नेपाल सरकार ।

६. छात्रवृत्ति कार्यान्वयन निर्देशिका २०६८, शिक्षा विभाग नेपाल सरकार ।

७. कार्यक्रम कार्यान्वयन पुस्तिका २०७०, शिक्षा विभाग, नेपाल सरकार ।

८. नेपालमा बजेट तर्जुमा तथा कार्यान्वयन व्यवस्था र विभिन्न निकायको भूमिका, प्राड नेपाल

९. शैक्षिक बुलेटिन २०६९, जिल्ला शिक्षा कार्यालय, कपिलवस्तु ।

१०. *Consolidated Report (2011-12), DoE, GON*

११ *Public Expenditure Tracking and Facility Surveys: A general Note on Methodology - Swarnim Waglé and Parmesh Shah of the Social development Department at The World Bank Group*

१२ *School Sector Reform Program-Public Expenditure Tracking Survey/Fund Flow Tracking Survey for 2011/12, NK Sharma and Company, Tripureswor, Kathmandu, May 2013*

१३ *Status Report 2011, Department of Education, Government of Nepal*

१४ *Using Public Expenditure Tracking Surveys to Monitor Projects and Small Scale Program - A Guidebook – Maragreta Kozoil and Courtney Tolmie*

## अध्ययनका दौरान सम्पर्क गरिएका व्यक्तिहरूको नामावली

| | | |
|---|---|---|
| १. | दुर्गा कँडेल | उप-सचिव शिक्षा विभाग |
| २. | कृष्ण पौडेल | शाखा अधिकृत, शिक्षा विभाग |
| ३. | सूर्यप्रसाद भुसाल | निमित्त जिल्ला शिक्षा अधिकारी, कपिलवस्तु |
| ४. | चित्रबहादुर केसी | लेखा अधिकृत, शिक्षा विभाग |
| ५. | खिमबहादुर डिसी | विद्यालय निरिक्षक, जि.शि.का |
| ६. | विनोदकुमार पौडेल | लेखापाल, जि.शि.का |
| ७. | विश्वप्रसाद अर्याल | प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय कपिलवस्तु |
| ८. | तुलसी पन्थी | लेखा अधिकृत, कोष तथा लेखा नियन्त्रक कार्यालय कपिलवस्तु |
| ९. | अशोककुमार यादव | प्रधानाध्यापक, श्रीमावि हरिहरपुर |
| १०. | तनु श्री भण्डारी | सह-प्राचार्य, महेन्द्र उच्च मावि, कोपवा |
| ११. | गोपालकृष्ण दुबे | लेखापाल, महेन्द्र उ.मा.वि., कोपवा |
| १२. | युवराज बेलबासे | प्रधानाध्यापक, श्री त्रिशक्ति नि.मावि, दुविया |
| १३. | रविराज घिमिरे | प्रधानाध्यापक, श्री जनज्योति नि.मा.वि, महेन्द्रकोट |
| १४. | रायबहादुर विक | शिक्षक, श्री जनज्योति निमावि, वीरपुर |
| १५. | वासुदेव खनाल | सह-प्राचार्य, श्री उ.मा.वि बर्करपुर |
| १६. | रोमकान्त बेलबासे | अध्यक्ष, विद्यालय व्यवस्थापन समिति, श्री त्रिशक्ति निमावि |
| १७. | शेरबहादुर विक | अभिभावक |
| १८. | कमल बेलबासे | अभिभावक |
| १९. | निर्मला न्यौपाने | अभिभावक |
| २०. | प्रेमनारायण बेलबासे | अभिभावक |
| २१. | ठाकुरप्रसाद पन्थी | अभिभावक |
| २२. | दीनानाथ मरासिनी | अभिभावक |
| २३. | नेत्रप्रसाद पौडेल | अभिभावक |
| २४. | मगरु थारु | अभिभावक |
| २५. | सीता विक | अभिभावक |
| २६. | हरिप्रसाद पन्थी | अभिभावक |
| २७. | शेरबहादुर विक | अभिभावक |

**फ्रिडम फोरम**
थापाथली, काठमाडौं, नेपाल
पोष्ट बक्सः २४२९२
इमेल : info@freedomforum.org.np
फोन : ४१०२०३०/४१०२०२२
फ्याक्स : ४२२६०९९